नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.-५५७, दायर मिति-: २०८१।०२।०९

फैसला मिति- २०८१।०२।०९

| वादी | प्रतिवादी |
| --- | --- |
| प्र.स.नि.गुलसन कुमार सिंह समेतको प्रतिवेदनले नेपाल सरकार.........................१ | चन्दन पटेल .........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीलाई प्रहरीले सोधपुछ गर्दा गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनमा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन।
२. प्रहरीले सोधपुछ गर्दा गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने समेतव्यहोराको घटनास्थल मुचुल्का ।
३. प्रहरीले सोधपुछ गर्दा गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुऱ्याएको पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान।
४. कर्तव्य पालनमा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका मो.शेख सरफरोज समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

## ठहर-खण्ड

यसमा मिति २०८१।०१।१८ गते अ.२२:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१ स्थित सडकमा चन्दन पटेललाई पार्किङ्गमा राखेको मोटरसाईकल अनावश्यक रुपमा चलाई रहेको अवस्थामा फेला पारी सोधपुछ गर्दा निजले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी चन्दन पटेललाई कैद दिन २२ र जरिवाना रु.१०००/- अक्षेरपी एक हजार गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी चन्दन पटेललाई ठहरेको कैद दिन २२ को हकमा निज मिति २०८१-०१-१८ देखि २०८१-०२-०८ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.१०००/- असुल उपर गर्नु ------------ १
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु--------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ साल जेष्ठ महिना ९ गते रोज ४/ने.सं. १४४४ बछलाथ्व १४,शुभम् .....